# फाल्गुनन्द गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर

फोन — अध्यक्ष ९८४२६६१२६०
उपाध्यक्ष ९८५२६८१३७२
प्रप्रअ ९८५२६८४३८४

कोशी प्रदेश, नेपाल


## आ.व.२०८१/०८२ को गाउँ निकासी तथा पूर्वाधार उपयोग शुल्क डाँक बढाबढको सूचना

(पहिलो पटक सुचना प्रकाशन मितिः २०८१।०४।०७)

स्थानीय सरकार संचालन ऐन ,२०७४ अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन २०७४ बमोजिम यस कार्यलयले लगाउन सक्ने देखिएका शुल्क सम्बन्धी आन्तरीक आय ठेक्का आ. ब. २०८१/०८२ को लागि ठेक्का सम्झौता भएको मिति देखि २०८२ असार मसान्त सम्ममा गाँउ निकासि तथा पूर्वाधार उपयोग शुल्क कौ ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक फर्म/कम्पनी/संस्था सम्बन्धित सबैमा डाँक बढाबढको लागि ७ दिनको सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | न्युनतम कबुल अंक बार्षिक | फाराम खरिद दस्तुर | धरौटी |
|---|---|---|---|---|
| १-२०८१।८२ | गाँउ निकासी तथा पूर्वाधार उपयोग शुल्क | १०,००,००० (मु.अ.कर बाहेक) | रु १००० | कबुल अंकको कम्तिमा ५ प्रतिशत |

१. डाँक बढाबडको लागि फाराम खरिद गर्न रु १,००० ।- अक्षरेपि (रु एक हजार) बुझाई प्रचलित नेपाल कानुन बमोजिम दर्ता भइ प्रमाण पत्र लिएका फर्म /कम्पनी/ संस्थाले आ.ब. २०८१ असार मसान्त सम्मको नबिकरण भएको प्रमाण पत्र, मुल्य अभिबृदि करमा दर्ता भएको प्रमाण पत्र, आ.ब. २०७९/८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणीत प्रतिलिपी समेत बुझाई यस कार्यलयबाट खरिद गर्न सकिने छ ।

२. डाँक बाँडफाड हुने स्थान मिति र समयः
   क. स्थान – फाल्गुनन्द गाँउपालिकाको कार्यालय फाक्तेप पाँचथर ।
   ख. मिति – २०८१।०४।१४
   ग. समय – दिनको १ बजे

३. सूचनामा डाँक बढाबढको लागि तोकिएको मिति र समय भन्दा पछि वा त्यस्तो सुचनामा बढाबढका लागि तोकिएको स्थानमा बाहेक अन्य कुनै स्थानमा वा फोन हुलाक वा आकास बाणि द्वारा बोलेको डाँक उपर कुनै कारबाहि हुने छैन ।

४. फारम खरिद गर्ने स्थान मिति र समयः
   क. स्थान- फाल्गुनन्द गाँउपालिकाको कार्यालय फाक्तेप पाँचथर
   ख. मिति- २०८०।०४।१३
   ग. समय- कार्यालय समय सम्म

५. डाँक बढाबढ हुने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेपछि सोहि समयमा हुनेछ ।

६. डाँक बढाबढको निवेदनमा ठेक्का नं. ठेक्काको नाम र फर्म/संस्था/कम्पनिको नाम ठेगाना मोबाइल नं. ईमेल र छाप स्पस्ट उल्लेख गर्नु पर्नेछ।

७. डाँक बढाबढको कबोल रकमलाई आधार मानि जुन मितिबाट सम्झौता हुन्छ सोहि मिति बाट कायम हुने गरि वार्षिक ठेक्का अंकको हिसाब मिलान हुनेछ ।

८. डाँक बढाबढ गर्ने संस्थाले आफूले डाँक बोलेको अंकको कम्तिमा ५ प्रतिशत हुन आउने धरौटी रकम यस कार्यलयको धरौटी खाता नं. ग ३.१ (०६९०१४००२५००२३) मा नगद दाखिला गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्नेछ ।

९. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पुर्ण कर ,दस्तुर शुल्क आदि ठेकेदार आफैले बुझाउनु पर्नेछ ।

१०. यस कार्यलयबाट विगत बर्षहरुमा लागाएको ठेक्काको रकम बुझाउन बक्यौता रहेको फर्म/कम्पनी/संस्थाले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

११. डाँक बढाबढको कबुल रकम तीन किस्तामा बुझाउनु पर्नेछ ।

१२. गाँउपालिकाले तोकेको दररेट अनुसार मात्र ठेकेदारले शुल्क उठाउनु पर्नेछ ।

१३. ठेक्का स्वीकृत पश्चात संम्झौताको लागि आफूले कबोल गरेको रकम बराबर नगदै यस कार्यलयको बैंक खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट स्वीकृत प्राप्त बैंक बाट फाल्गुनन्द गाउँपालिकाको नाममा जारि भएको २०८२ साल श्रावण मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

१४. यस सम्बन्धमा थप कुरा बुझ्न परेमा कार्यालयको मोवाइल नं. ९८५२६८४३९०,९८५२६८४३८४ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

१५. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।